नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

फोन: ०१०-५४०१३१ कार्यालय
०१०-५४०१३२ प्र.जि.अ.
०१०-५४००१९ हटलाईन
फ्याक्स: ०१०-५४०१३३
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: www.daorasuwa.moha.gov.np
476K+J6
धुन्चे, रसुवा


पत्र संख्या :
चलानी नम्बर :

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रसुवा

मितिः २०७८।०५।१८

## जिल्ला प्रशासन कार्यालय, रसुवाबाट जारी आदेश

कोभिड-१९ को महामारी रोकथाम तथा नियन्त्रण सम्बन्धमा नेपाल सरकार(मन्त्रिपरिषद्) को निर्णय, कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकारी प्रयोग गरी यस जिल्लामा मिति २०७८।०५।१८ गतेबाट भाद्र मसान्तसम्म लागू हुने गरी तपशिल बमोजिम गर्न गराउन सर्वसाधारण सबैको लागि अनुरोध छ।

**क.** शैक्षिक संस्था(विद्यालय)हरुले भौतिक उपस्थितिमा पठन पाठन गर्न/गराउन नपाउने। गर्नैपर्ने भएमा नेपाल सरकारले जारी गरेको स्मार्ट लकडाउनको प्रावधान भित्र रही स्थानीय तहहरुले जिल्ला कोभिड-१९ व्यवस्थापन केन्द्रसँग समन्वय गरी विद्यालयहरु संचालनको निर्णय गर्न सक्ने।

**ख.** अनावश्यक रुपमा मानिसहरु जम्मा हुने, भिडभाड गर्ने, सभा जुलुस गर्ने, जात्रा महोत्सव भोज आदी नगर्ने/नगराउने।

**ग.** यस अवधिमा पर्ने चाडपर्वहरु स्वास्थ्य प्रोटोकलको पूर्ण पालना गरी न्यूनतम सहभागितामा साङ्केतिक रुपमा मात्र मनाउन पाउने।

**घ.** सर्वसाधारण व्यक्ति, समूह तथा संस्था लगायतका निकायहरुबाट आर्थिक, सामाजिक तथा व्यवसायिक गतिविधिहरु संचालन गर्दा नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्ड पूर्ण रुपमा पालना गरेर मात्र गर्न पाउने।

**ङ.** कोभिड-१९ का लक्षण देखिएका तथा संक्रमितको सम्पर्क(Contract Tracing) मा परेका व्यक्तिहरुले नेपाल सरकारले निःशुल्क व्यवस्था गरेको एन्टिजेन तथा पिसिआर परीक्षणका लागि सम्बन्धित स्थानीय तह, जिल्ला अस्पतालसँग सम्पर्क गरी परीक्षण गराउन, भिडभाडबाट बच्न तथा बचाउन शतर्क रही स्वास्थ्य मापदण्डको प्रभावकारी पालना गर्ने/गराउने।

कोभिड-१९ सम्बन्धी आदेशको प्रभावकारी पालना सम्बन्धमा सुरक्षा निकायबाट नियमित तथा आकस्मिक अनुगमन गरिनेछ। अनुगमनका क्रममा यस आदेशको अवज्ञा भएको पाइएमा कोभिड-१९ संकट व्यवपस्थापन अध्यादेश, २०७८ अनुसार कारवाही हुनेछ। संक्रमण बढ्न गएमा यस आदेशमा भएमा व्यवस्थाहरु कुनैपनि बेला पुनरावलोकन गर्न सकिनेछ।

**ईश्वरी प्रसाद ढकाल**
**प्रमुख जिल्ला अधिकारी**